# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, पौष १६ गते २०१६ साल

### श्री ५ को सरकार

### गृह मन्त्रालय

श्री ५ को सरकारले बनाएको तल लेखिए बमोजिमको निजामती सेवा नियमावली (संशोधन) नियमहरू २०१६ सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

निजामती सेवा नियमावली (यस पछि मूल नियमावली भनिएको) मा (संशोधन) गर्न आवश्यक देखिएकोले निजामतीसेवा ऐन, २०१३ को दफा ४ र ६ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ :–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम निजामती सेवा नियमावली (संशोधन) नियमहरू, २०१६ रहेको छ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन्।

२. मूल नियमावलीको परिच्छेद ८ मा संशोधनः– मूल नियमावलीका ८.६ को उपनियम, (१) को सट्टा देहायका उपनियम (१) राखिएको छः–

(१) कुनै पदमा कायम मुकायम काम गरेकोमा वा नियम ८.५ को उपनियम (२) बमोजिम काम गरेकोमा त्यसरी काम गर्ने कर्मचारीले जुन पदको काम गरेकोछ सोही पदको तलब भत्ता काम गरेको मितिदेखि पाउनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर:—

(क) मूल नियमावलीको ८.४ बमोजिम काजमा खटिएको कर्मचारीको पदमा कायम मुकायम भै काम गर्ने कर्मचारीले साठी दिनसम्म कायम मुकायम भई काम गरे बापत कुनै किसिमको तलब भत्ता पाउने छैन र साठी दिनभन्दा बढी अवधि कायम मुकायम भई काम गरेमा त्यस्तो बढी अवधिको मात्र कायम मुकायम भै काम गरे बापत तलब भत्ता पाउनेछ।

(ख) शार्ज डा. अफियर्स भै काम गर्नेले साठी दिनभन्दा बढी अवधि शार्ज. डा. अफियर्स भएमा निजले सो बढी अवधिको निमित्त राजदूतले पाउने प्रतिनिधित्व भत्ताको साढे बाह्र प्रतिशत आफ्नो तलब भत्तामाथि थप पाउनेछ।

आज्ञाले—
मे. ज. क्षेत्रविक्रम राणा
श्री ५ को सरकारको सचिव,
गृह मन्त्रालय।

मुद्रण विभाग, सिंहदरबार

४८६० आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।